प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५

प्रदेश नं. ५, प्रादेशिक भवन निर्माण कार्यलाई व्यवस्थित गर्न बन्ने विधेयकका सम्वन्धमा तयार गरिएको अवधारणा पत्र

१) नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :

क) संवैधानिक आवश्यकता :

नेपालको संविधानको अनुसूची ६ ले व्यवस्था गरेको अधिकारमध्ये प्रदेश सरकारी कार्यालयको भौतिक व्यवस्थापन र अन्य आवश्यकीय विषय भन्ने उल्लेख भएको र सोही बमोजिम प्रदेशनं. ५, प्रदेश सरकार(कार्यविभाजन) नियमावली २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची २ को सि.नं. ४ बुँदा नं. १७ मा प्रदेश स्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, बुँदा नं. १९ मा प्रदेश भित्र उपर्युक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन त्यसैगरी बुँदा नं. २० मा प्रदेश स्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन भन्ने उल्लेख भएबमोजिम सो कार्यलाई व्यवस्थित गर्न ऐनको निर्माण गर्न अति आवश्यक भएको छ ।

ख) प्रदेश सरकारको नीति तथा कार्यक्रम :

प्रदेश सरकारको आ.व २०७५/७६ को नीति कार्यक्रमकोबुँदा नं. ४७ मा - प्रदेश भित्रका भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाइनेछ ।

ग) अन्य कारण :

२) नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :

नयाँ ऐन तर्जुमा भए पश्चात् देहायका उपलब्धि हासिल हुनेछन् ।

- सरकारी तथा निजी भवनको निर्माण कार्य व्यवस्थित र नियमित हुने ।
- भूकम्पीय जोखिम लगायत अन्य विपदबाट भवन सुरक्षित हुनसक्ने ।
- भवन संहिता लागू भई भवनको गुणस्तर कायम हुने ।
- मापदण्ड पूरा नहुनेलाई कानूनी दायरामा ल्याउन सहज हुने ।

३) प्रस्तावित विषयमा मौजुदा कानून भए :

संघमा भवन ऐन, २०५५ रहेको छ ।

४) मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सो को कारण :×

५) **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएका अनुमानित वार्षिक व्ययभार :**
प्रस्तावित कानून निर्माण भई कार्यान्वयन हुँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययभार नपर्ने ।

६) **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**
हाल संचालनमा भैरहेका संरचनावाट नै कार्य सम्पन्न हुने ।

७) **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएको :**
प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श सहमति लिनु पर्ने आवश्यकता नभएको ।

८) **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय :**
संक्षिप्त नाम र प्रारम्भ, परिभाषा,भवन निर्माण व्यवस्था सुदृढीकरण समितिको गठन, समितिको काम कर्तव्य र अधिकार, बैठक र निर्णय, उपसमितिको गठन, भवनको वर्गीकरण, भवन संहिता स्वीकृती, भवनको डिजाइन तथा नक्सा स्वीकृती, भवन निर्माण सुपरीवेक्षण, सजाय, पुनरावेदन, नियम बनाउन सक्ने र विविध ।